# प्रेस वक्तव्य

नेपालले दश बर्षे शसस्त्र हिँसाको घाउ बिर्सन खोजिरहेको बेला काठमाडौं लगायत नेपालको विभिन्न भागहरुमा विष्फोटन, आगजनिका घटनाहरु घट्नु दुःखको कुरा हो । यसले नेपाली जनतामा फेरि नेपालको शान्ति र समृद्धिको सपनामाथि आशंका पैदा गरेकोछ र शान्तिकामी तथा स्वाभीमानी नेपालीको शिर झुकेकोछ । बारुदी सुरुंग प्रतिवन्ध अभियान नेपाल यस्ता खालका गतिविधिहरु तुरुन्त रोकियोस भनेर सम्वन्धित पक्ष संग अपिल गर्न चाहन्छ । साथै बाटोको छेउछाउ, पुलपुलेसा, टोल, बजार, आदि ठाउँहरुमा राखेका बेवारिसे झोला तथा कुनै पनि शंकास्पद बस्तुहरु छुने चलाउने नगर्न, शंकास्पद वस्तु भएको ठाउँ नजिक नजान, त्यसतो ठाउँमा भीडभाड जम्मा नहुन र र तुरन्तै सम्वन्धित निकायमा जानकारी दिई जनताको जिउ धनको सुरक्षा दिन सहयोग गर्न समेत सर्वसाधारण सवैमा अपिल गर्दछ ।

बारुदी सुरुङ प्रतिवन्ध अभियान नेपाल

१३ जेष्ठ २०७६